स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र विकास बोर्डले पछिल्लो आइतबारसम्मको कमाइ विवरण सार्वजनिक गरेको छ। जसअनुसार, "लालीबजार"को कमाइ पौने ९ करोड हाराहारीमा देखिन्छ। यम थापा निर्देशित फिल्म "लालीबजार" ले पछिल्लो ८ करोड ७८ लाख ५ हजार १९८ रुपैयाँ ग्रस कमाएको छ। सोही अवधिमा यो फिल्मलाई २ लाख ९८ हजार २२७ जनाले हेरेका छन्। "मितज्यू"ले १ करोड ३१ लाख ११ हजार ८५९ रुपैयाँ ग्रस कमाएको छ।

**आजको विचार...**



मेघनाथ दाहाल

नयाँ... (दुई पेजमा)



अभिनेता विपिन कार्की र वरिष्ठ पत्रकार तथा लेखक विजयकुमारबीचको नयाँ सहकार्यले नेपाली चलचित्र क्षेत्रमा फरक प्रकारको सिर्जनात्मक प्रयोगको संकेत गरेको छ। निर्माणको तयारीमा रहेको नयाँ कथानक चलचित्रसँगै सोही कथामा आधारित आख्यान पुस्तक प्रकाशन गर्ने योजनाका कारण यो परियोजना चर्चामा आएको हो। विपिन कार्कीको लगानीमा लाइट वेन्डर्स प्रालिको ब्यानरमा निर्माण हुने चलचित्रको पटकथा लेखन तथा निर्देशन विजयकुमारले गर्ने हुनुभएको छ।

❐ वर्ष ३१ ❐ अंक ३११ ❐ २०८३ जेठ २६ गते मंगलबार 9 June 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### कङ्गोमा इबोला प्रकोप तीव्र ९१ को मृत्यु

(रासस/सिन्ह्वा)

**किन्शासा,** जेठ २५/कङ्गो प्रजातान्त्रिक गणतन्त्रमा इबोला सक्रमितको संख्या ५१५ पुगेको छ भने ९१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । अधिकारीहरूले आइतबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार रोगको फैलावट अझै नियन्त्रणमा आएको छैन र नियन्त्रणका उपाय तुरुन्त प्रभावकारी रूपमा लागू नगरे अवस्था झन् बिग्रिन सक्ने चेतावनी दिइएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार थप तीन जना बिरामी निको भएपछि निको हुनेको संख्या १२ पुगेको छ । हाल ११७ जना शंकास्पद संक्रमित रहेका छन् भने २८३ जना बिरामी आइसोलेसन वा उपचारमा छन् । धेरैजसो पुष्टि भएका बिरामीहरूमा लक्षण जेठ १ देखि जेठ १० बीच देखिएको पाइएको छ, जसले सम्भावित एउटै स्रोतबाट संक्रमण तीव्र रूपमा फैलिएको सङ्केत गरेको छ । जेठ १२ देखि असार १ बीच पनि नयाँ बिरामीहरूमा लक्षण देखिनु संक्रमण अझ फैलिरहेको प्रमाण भएको बताइएको छ । स्वास्थ्य अधिकारीहरूले समयमै कडा नियन्त्रण उपाय नअपनाइए संक्रमित संख्या अझै बढ्न सक्ने चेतावनी दिएका छन् । रोग नियन्त्रण प्रयासहरू कमजोर सम्पर्क निगरानी, समुदायको असहयोग, उपचार केन्द्रहरूको सीमित क्षमता, संक्रमण रोकथाम सामग्रीको अभाव र बजेट अभावका कारण प्रभावित भएका छन् ।

# लुम्बिनी प्रहरीद्वारा ४३ लाख मूल्य बढीका सामान बरामद

हाम्रा संवाददाता

**सिद्धार्थनगर (भैरहवा),** जेठ २५/ लुम्बिनी प्रदेश प्रहरी कार्यालयले प्रदेशभर शान्तिसुरक्षा सुदृढ गर्दै चोरी, तस्करी तथा राजस्व छली नियन्त्रणलाई प्राथमिकतामा राखेर विशेष अभियान सञ्चालन गरेको जनाएको छ । खुला सीमा नाकाबाट हुने अवैध आयात, तस्करी र आपराधिक गतिविधि नियन्त्रणका लागि रुपन्देही, कपिलवस्तु, नवलपरासी (पश्चिम), बाँके, बर्दिया, दाङलगायत सीमावर्ती जिल्लामा निगरानी तथा प्रहरी परिचालनलाई थप प्रभावकारी बनाइएको प्रहरीले जनाएको छ ।

सीमा क्षेत्रबाट हुने भन्सार छली, अवैध सामान ओसारपसार तथा राजस्व चुहावट नियन्त्रणका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालयले सञ्चालन गरेको अभियानअन्तर्गत आज बर्दियामा अवैध रुपमा भित्र्याइएका रु ४३ लाख ६१ हजार ८४० बराबरका सामान तथा सवारी साधन बरामद गरेको छ । प्रहरीका अनुसार ती सामग्री बर्दियाको मधुवन नगरपालिका-८ सानोश्री क्षेत्रमा




भारतबाट भन्सार छली नेपाल ल्याउँदै गरेको अवस्थामा दुई भारतीय नागरिकलाई नियन्त्रणमा लिइएको थियो । भारतको बहराइच जिल्लाका २२ वर्षीय रिजवान अन्सारी र २० वर्षीय कलिम खानलाई नियन्त्रणमा लिँदा उनीहरुका साथबाट दुईवटा बोलेरो गाडी, एउटा पल्सर मोटरसाइकल तथा तीन हजार ७९० दर्जन केरा बरामद गरिएको थियो । उक्त सामान तथा सवारीसाधनको अनुमानित मूल्य रु २५ लाख ५९ हजार रहेको प्रहरीले जनाएको छ । मधुवन नगरपालिका-६ मा आजै भारतबाट अवैध रूपमा भित्र्याई गोदाममा लुकाई राखिएको मटर, सुपारी, सुर्ती, चुरोट, बिँडी, माउथ फ्रेसनर, प्लास्टिकलगायत सामान बरामद गरिएको प्रहरीले जनाएको छ । स्थानीय पदमराज चौधरी र कोपिला खत्रीको घरमा भण्डारण गरिएको अवस्थामा बरामद गरिएका ती सामानको मूल्य रु १८ लाख दुई हजार ८४० रहेको छ । बरामद गरिएका सबै सामान तथा सवारीसाधनको आवश्यक अनुसन्धान र कानुनी कारबाही अघि बढाइएको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका लुम्बिनीले जनाएको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले कानुन कार्यान्वयन गरी प्रदेशभर सुशासन, शान्तिसुरक्षालाई प्राथमिकतामा राखेर प्रहरीले काम गरिरहेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# पर्यटकीय गन्तव्य बन्दै अर्घाखाँचीको 'रक गार्डेन'

**अर्घाखाँची,** जेठ २४/सन्धिखर्क नगरपालिका-११ डिभर्नामा अवस्थित 'रक गार्डेन' पछिल्लो समय यहाँको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिन थालेको छ । सन्धिखर्कबाट झण्डै २० मिनेटको गाडीको यात्रा गरेपछि यस स्थानमा पुग्न सकिन्छ ।

प्रकृतिले आफैँ कुँदेर बनाएको जस्तो देखिने विशाल चट्टानहरूको संरचना, ढुङ्गाको बगैँचा जस्तै फैलिएको भू-आकृति, चिसो स्वच्छ हावा र क्षणक्षणमा बदलिने मौसमले यहाँ पुग्ने जो-कोहीलाई मोहित बनाउने गरेको छ । पहिलो पटक रक गार्डेन पुग्ने आगन्तुकहरू त्यहाँका चट्टानहरूको अनौठो बनावट देखेर आश्चर्य चकित हुने गरेका छन् । कतिपय ठाउँमा मानव हातले कलात्मक रूपमा कुँदिएको जस्तो, कतै योजनाबद्ध रूपमा सजाइएको फूलबारी झैं देखिने हुँदा धेरैले प्रकृतिको अनुपम सिर्जना भनेर चर्चा गर्ने




गर्छन् । सयौँ रोपनी क्षेत्रफलमा फैलिएको यो क्षेत्र ढुङ्गाको जङ्गल जस्तै देखिन्छ, जसले आगन्तुकलाई एकैपटक रहस्य, सौन्दर्य र शान्तिको अनुभूति गराउँछ । पछिल्लो समय यो गार्डेन आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । जिल्लाभित्रका विभिन्न स्थानबाट दैनिक रूपमा मानिसहरू यहाँ घुम्न आउने क्रम बढ्दो छ । स्थानीयका अनुसार यहाँको स्वच्छ वातावरण, चिसो मौसम र प्राकृतिक दृश्यावलोकनले सहरको भीडभाडबाट केही समय टाढा पुगेर मानसिक ताजगी प्राप्त गर्ने अवसर प्रदान गरेको छ । सन्धिखर्क नगरपालिका-११ का वडाध्यक्ष चेतनारायण आचार्यले पछिल्लो समय प्रचारप्रसारसँगै यहाँ आउने पर्यटकको सङ्ख्या बढ्न थालेको बताए । "प्रकृतिको अनुपम उपहारका रूपमा रहेको यो क्षेत्रमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै छ । हामीले यस क्षेत्रलाई अझ व्यवस्थित बनाउन पूर्वाधार विकासमा जोड दिएका छौँ", उनले भने । यस क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नगरपालिकाले योजनाबद्ध रूपमा विभिन्न कामअघि बढाएको छ । हाल पर्यटकहरूको सहजताका लागि शौचालय, विश्रामस्थल (ट्रस्ट) तथा मन्दिर निर्माण गरिएको छ । यी संरचनाले आगन्तुकको बसाइँलाई थप सहज र आरामदायी बनाएको जानकारी दिँदै वडाध्यक्ष आचार्यले गार्डेनको प्रचारप्रसारलाई प्राथमिकतामा राख्दै दीर्घकालीन पर्यटन विकास रणनीति तयार पारिरहेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

-सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
-आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
-घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
-पर्व-उत्सवहरू मिलेर मनाऔं,
-अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं, संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
-शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।
विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नेपालको पर्यटन व्यवसाय र अर्थतन्त्रमा पर्ने प्रभाव

पर्यटन नेपालको अर्थतन्त्रको एक महत्वपूर्ण आधार हो । प्राकृतिक सौन्दर्य, हिमाल, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न नेपाल विश्वभरका पर्यटकका लागि आकर्षक गन्तव्य बनेको छ । पर्यटन व्यवसायले देशमा विदेशी मुद्रा भित्र्याउने, रोजगारी सिर्जना गर्ने तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने काम गर्छ । नेपालमा आउने विदेशी पर्यटकले होटल, रेष्टुरेन्ट, यातायात, हस्तकला, होमस्टे तथा अन्य सेवामा खर्च गर्ने भएकाले आर्थिक गतिविधि बढ्छ । यसबाट सरकारलाई कर राजस्व प्राप्त हुन्छ भने निजी क्षेत्रको लगानी पनि विस्तार हुन्छ । विशेषगरी ग्रामीण क्षेत्रमा सञ्चालित होमस्टे तथा सामुदायिक पर्यटनले स्थानीय बासिन्दाको आय वृद्धि गर्न मद्दत पुर्‍याएको छ । कृषि, हस्तकला र साना उद्यमहरू समेत पर्यटनसँग जोडिएर लाभान्वित भएका छन् ।

पर्यटन क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा हजारौँ नागरिकलाई रोजगारी उपलब्ध गराएको छ । पर्यटन व्यवसायसँग होटल, ट्राभल एजेन्सी, ट्रेकिङ, पर्वतारोहण, यातायात तथा सांस्कृतिक कार्यक्रमहरू जोडिएका हुन्छन् । यसले युवा जनशक्तिलाई स्वदेशमै अवसर सिर्जना गरी वैदेशिक पलायन कम गर्न पनि सहयोग पुर्‍याउन सक्छ । तर पर्यटन क्षेत्र विभिन्न चुनौतीबाट पनि प्रभावित हुने गर्दछ । प्राकृतिक विपत्ति, राजनीतिक अस्थिरता, महामारी तथा कमजोर पूर्वाधारका कारण पर्यटक आगमन घट्न सक्छ । यसको प्रत्यक्ष असर होटल, व्यवसायी, मजदुर र स्थानीय अर्थतन्त्रमा पर्छ । कोभिड-१९ महामारीका बेला पर्यटन क्षेत्र लगभग ठप्प हुँदा नेपालको अर्थतन्त्रले ठूलो क्षति व्यहोरेको उदाहरण अझै ताजा छ । दीर्घकालीन रूपमा पर्यटनलाई अर्थतन्त्रको बलियो आधार बनाउन गुणस्तरीय पूर्वाधार, सुरक्षित यात्रा वातावरण, पर्यावरण संरक्षण तथा प्रभावकारी अन्तर्राष्ट्रिय प्रवर्द्धन आवश्यक छ । पर्यटनको लाभलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्न सकेमा समावेशी आर्थिक विकासमा समेत टेवा पुग्नेछ । यसर्थ, पर्यटन केवल भ्रमणको विषय मात्र नभई नेपालको आर्थिक समृद्धि, रोजगारी सिर्जना र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण माध्यम हो । पर्यटन क्षेत्रको दिगो विकासले नेपालको अर्थतन्त्रलाई थप सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुर्‍याउनेछ ।

### Opinion @ Social Network

"जिन्दगी त्यतिबेला मात्र सुन्दर र शान्त देखिन्छ,
जब हामी अरूबाट आशा राख्न छोडेर आफैंमा भरोसा राख्न थाल्छौं।"
*(आरती गुरुङको फेसबुक स्टाटसबाट www.facebook.com/Aarati.Gurung)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ बजेटले अर्थतन्त्र चलायमान बनाउन सक्ला ?



**मेघनाथ दाहाल**

*नेपाली अर्थतन्त्र चलायमान बनाउन प्रमुख भूमिका खेल्ने केही तत्वहरूको हकमा सरकार, नीतिगत सुधार र सम्बन्धित निकाय एवं सर्वसाधारणको सहकार्यबिना सम्भव देखिँदैन । नीतिगत पक्षमा सुधारको साथमा केही साहासिक निर्णय नगरी नहुने भएको छ । यस मानेमा वर्तमान बजेटले आँत कमाएको जस्तो देखिएको छ । त्यसो नहोस् । नयाँ सरकार, नयाँ सोच, नयाँ पद्धति, नयाँ विचारको साथमा सामाजिक र आर्थिक रूपमा सरकारले नयाँ काम गर्न सकोस् भन्ने चाहना छ । निर्वाचनताका जसरी हल्लाखल्ला मच्चाइएको थियो सो कुराको झल्को बजेटले दिन नसकेको स्पष्ट छ । अर्थमन्त्रीको ज्ञान, अन्तर्राष्ट्रिय सम्बन्ध तथा नेपालको वस्तुगत परिवेशसँग साक्षात्कार भएकाले अलि बढी आशावादी भएको समूह थोरै खिन्न भएको छ । पहिलो पक्ष भनेको बैंक तथा वित्तीय क्षेत्रमा रहेको लगानीयोग्य रकमको परिचालनमा सरकारमाथि व्यवसायीहरूले कत्तिको विश्वास गर्न सक्छन् ?*

स्वाभाविक रूपमा सत्तासीन दलले आफूले गरेको कामको प्रशंसा गर्ने नै भए तर उचित मूल्यांकन समयले वा सर्वसाधारण नागरिकहरूले समयक्रममा गर्दै जानेछ । प्रसंग नयाँ बजेटको आधारमा नेपाली अर्थतन्त्रले सही बाटो समाउन सक्ला र आर्थिक तथा सामाजिक जीवन सहज बन्ला ? मुख्य विषय हो । गत फागुन २१ गतेको निर्वाचनले रास्वपालाई सरकार बनाउनमात्र नभएर अस्वाभाविक रूपमा दायित्व थपेर गएको छ । जनताको मतलाई अवमूल्यन गरेको विगतको पाठबाट सिक्दै आगामी दिनमा सहज सरकार सञ्चालनको बाटोमा जानेमा रास्वपा चनाखो हुनुपर्ने हो । नेपाली अर्थतन्त्र चलायमान बनाउन प्रमुख भूमिका खेल्ने केही तत्वहरूको हकमा सरकार, नीतिगत सुधार र सम्बन्धित निकाय एवं सर्वसाधारणको सहकार्यबिना सम्भव देखिँदैन । नीतिगत पक्षमा सुधारको साथमा केही साहासिक निर्णय नगरी नहुने भएको छ । यस मानेमा वर्तमान बजेटले आँत कमाएको जस्तो देखिएको छ । त्यसो नहोस् । नयाँ सरकार, नयाँ सोच, नयाँ पद्धति, नयाँ विचारको साथमा सामाजिक र आर्थिक रूपमा सरकारले नयाँ काम गर्न सकोस् भन्ने चाहना छ । निर्वाचनताका जसरी हल्लाखल्ला मच्चाइएको थियो सो कुराको झल्को बजेटले दिन नसकेको स्पष्ट छ । अर्थमन्त्रीको ज्ञान, अन्तर्राष्ट्रिय सम्बन्ध तथा नेपालको वस्तुगत परिवेशसँग साक्षात्कार भएकाले अलि बढी आशावादी भएको समूह थोरै खिन्न भएको छ । पहिलो पक्ष भनेको बैंक तथा वित्तीय क्षेत्रमा रहेको लगानीयोग्य रकमको परिचालनमा सरकारमाथि व्यवसायीहरूले कत्तिको विश्वास गर्न सक्छन् ? वित्तीय क्षेत्रले पनि उपयुक्त क्रेडिट औजारहरूको उपलब्धता, व्यवसायीहरूसँगको सुमधुर सम्बन्धका बारेमा सोच्नुपर्ने हुन्छ ।

हाल बजारमा सर्वसाधारणको खातामा रहेको रकममात्र १६ खर्ब नाघिसकेको छ तर व्यवसायीहरू नयाँ परियोजनाको सुरुवात गर्ने विषयमा पर्ख र हेरको अवस्थामा छन् । सरकारका विविध नीतिगत सुधारका काममा व्यवसायीहरू विश्वस्त नभएसम्म लगानीयोग्य रकमको परिचालन सपनाको कथामात्र बन्नसक्छ । एकातिर राजनीतिक रूपमा परिपक्व नएभको साथमा कूटनीतिक रूपमा छिमेकीहरूको विश्वास जितिनसकेको दल भएकाले, सुरक्षा र प्रतिफलको हकमा धेरै शंकाको घेरामा सरकार रहेकाले झट्ट व्यावसायिक लगानी विस्तार भइहाल्छ भन्न सकिँदैन । साथमा निर्माण, अन्य आर्थिक गतिविधिको विस्तारमा हालको गतिले धेरै काम गरिहाल्छ भन्न सकिँदैन । सरकारका विविध गतिविधिकै कारण आन्तरिक लगानीको विस्तारमा यसै समस्याको भेलबाढी छ भने वैदेशिक लगानीको विषय समस्याभित्र पर्ने नै भयो । बजेटमार्फत सरकारले कृषिकर्जामा ४० प्रतिशतको नीतिगत व्यवस्था गरे पनि वित्तीय रकम परिचालन भइहाल्छ भन्ने अवस्था छैन । कृषि समस्या लगानी रकमभन्दा बजारको व्यवस्थापन हो । उत्पादनलाई बजारमा लैजान सकिएमा लगानी गर्न धेरै मानिस तत्पर देखिन्छन् । सरकारको सहयोगको महत्त्व ठूलो छ तर साथमा उत्पादित वस्तुको उचित मूल्य र बजारको व्यवस्थापनमा स्थानीय निकायले साथ दिने हो भने किसानको भलो हुने सम्भावना देखिन्छ । कृषिक्षेत्रको हकमा माटो र यसको जैविक क्षमतालाई दिगो बनाउने पक्षमा कुनै पनि तहको सरकारको सम्बोधन भएको छैन । कृषि र पशुपालनलाई एकीकृत रूपमा अघि लैजान सकिएमा माटो पनि जोगिने, उत्पादकत्वमा वृद्धि तथा स्वस्थ्य उत्पादनले बजार पाउने, आममानिसको स्वास्थ्यमा दीर्घकालीन सकारात्मकताको फाइदा लिन सकिन्छ । यस किसिमका वस्तुगत पक्षमा सरकारले ध्यान नदिएर अनुदानको ठूलो प्रतिशतले आफ्नाहरूको भलाइ गर्ने हो कि भन्ने शंका बन्नसक्छ । आइटी पार्क र सूचनाप्रविधिलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको छ तर हाल नेपालको प्राथमिकतामा यी क्षेत्रलाई राखेर विकास आर्थिक वृद्धिको निर्णायक काम गर्लान् भन्न सकिँदैन । बदलिँदो विश्व परिवेशनुसार यस प्राथमिकताले काम गर्ला तर समग्र आर्थिक विकास तथा नेपाली समाजको गुणात्मक परिवर्तनका लागि नेतृत्व गर्ने हैसियत यी क्षेत्रहरूले गरिहाल्ने अवस्था छैन । मेगा परियोजनाहरूको हकमा सरकार अलमलिएको छ । धेरै संख्याका राष्ट्रिय गौरवका आयोजना र तिनमा लामो समयसम्म स्रोतको विनियोजन कार्यले लागतभन्दा प्रतिफल कम छ । स्रोतको हकमा लगभग चार खर्ब कर्मचारीलगायतको तलबभत्ता तथा पेन्सन एवं सामाजिक सुरक्षाभत्ताको नाममा विनियोजन नगरी सुख छैन । प्रदेश तथा स्थानीय तहमा वितरण भएको रकमको अंक चार खर्बकै हाराहारी देखिन्छ । सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीको रकम चार खर्बकै वरिपरि छ । राजस्व परिचालनको रकम १२ खर्ब नजिकै छ भने नयाँ सरकार, नयाँ मन्त्रीले विकासको बाढी ल्याउने कुरामात्र हो । वार्षिक बजेट २१ खर्बको रहेकाले बाँकी रकम सरकारले आन्तरिक तथा बाह्य ऋण परिचालनमै भर पर्नुपर्नेछ । अब रह्यो आन्तरिक स्रोत परिचालनमा बैंक तथा वित्तीय क्षेत्रमा भएको लगानीयोग्य लगभग १६ खर्ब रकम उत्पादनमूलक क्षेत्रमा परिचालन भएमा राजस्व परिचालन सकारात्मक पर्नजान्छ । यसका लागि निजी क्षेत्रले सरकारसँगको विश्वास, व्यावसायिक वातावरण, आन्तरिक तथा बाह्य बजारलगायत निर्णायक भूमिका खेल्नसक्ने भएकाले तत्काल वित्तीय क्षेत्रमा भएको रकमको परिचालनको सहज अवस्था सिर्जना होला भन्न सकिँदैन । वित्तीय तत्वभन्दा गैरवित्तीय तत्वले व्यावसायिक लगानीमा निर्धारकको भूमिका खेल्ने विगत दुई-तीन वर्षदेखिको ६ प्रतिशतको ब्याजदरले देखाएको छ । व्यावसायिक क्षेत्रमा देखापरेका समस्याले बैंक तथा वित्तीय संस्थामा ५० अर्बभन्दा माथिको कोल्याटरलहरूको थुप्रो देखापरको छ । बैंक तथा वित्तीय क्षेत्रमा देखापरेको विकराल अवस्थाबाट समयमै यस क्षेत्रले मुक्ति पाउनसकेन भने भोलि निकै भयावह नबनाउला भन्न सकिँदैन । समग्र वित्तीय क्षेत्रको एनपिएल हाल ५ प्रतिशतमा देखिए तापनि तथ्यांकमा विश्वास गरिहाल्न सकिने अवस्था छैन । विकास बैंकहरूको यो सूचांक माथि पुगेको छ । वित्त कम्पनीहरूमा यो समस्या अझ विकराल देखिन्छ । जसरी सहकारीलाई खेलाची गर्दागर्दै समग्र क्षेत्र अविश्वशनीय बनाइयो, त्यसैगरी यस क्षेत्रमा पनि यो सरुवा रोग सरेको खण्डमा र आमसर्वसाधारणमा विश्वास डगमगाएको अवस्थामा नियन्त्रणभन्दा बाहिर नजाला भन्न सकिँदैन । गैरबैंकिग सम्पत्तिको व्यवस्थापनमा देखापरेका समस्याको समाधानको साथमा आवश्यक नीतिगत सुधार तथा नयाँ कानुनको निर्माणमा सरकारले ख्याल गर्नुपर्नेछ । नेपालको समग्र आर्थिक तथा व्यावसायिक क्षेत्रको मेरुदण्ड वित्तीय क्षेत्र हो । सरकार राजनीतिक परिवर्तन र नयाँ म्यान्डेटको आधारमा बनेको भए तापनि नेपालको हकमा विदेशी लगानी पहिलो निर्धारक तत्व भनेको भारतीय व्यवसायीहरूको नेपालप्रतिको चासो हो । जबसम्म भारतीयहरू नेपालको कुनै विशेष क्षेत्रमा व्यावसायिक लगानीका लागि तयार हुँदैनन् तबसम्म अन्य देशका लगानीकर्ताको प्राथमिकतामा नेपाल पर्दैन । संसारभर धेरै व्यावसायिक क्षेत्रमा भारतीयहरूको लगानीबाट भाषा, संस्कृति, बजार अन्य पक्षमा समानता भएकाले भारतीयहरूले नेपालको लगानी बजार राम्रो छ भन्नेमा सहज विज्ञापन गर्ने भएकाले भारतीय लगानीकर्ताहरूमाथि सरकार थोरै भए पनि लचिलो बन्न सक्नुपर्छ । यसको उल्टो नेपालको एउटा समूह हात धोएर भारतीय व्यवसायीहरूविरुद्ध संस्थागत रूपमा लागेको छ । यसले अन्तत्वगत्वा नेपाल र नेपाली अर्थतन्त्रमै घात पुग्छ भन्ने विषयमा केही राजनीतिक दल, उसको विशेष गुट तथा केही स्वनामधन्य जानिफकारहरूमा समयमै चेत पलाउन जरुरी छ । यदि राजनीतिक पहुँचको आधरमा भारतीय व्यवसायीहरूले आवश्यकताभन्दा बढी प्रतिफल लिएको पाइएमा नीतिगत तथा कानुनी तवरमा बाँध्न जरुरी छ । सरकारले सहज रूपमा यो काम गर्नसक्छ तर जात, नश्ल र राष्ट्रियताको आधारमा व्यवसायीहरूमाथि धरपक्कड गरियो भने नेपाली अर्थतन्त्र अझ धाराशायी नहोला भन्न सकिँदैन । समग्रमा बजेटको डकुमेन्टेसन राम्रो देखिए तापनि कार्यान्वयन पक्ष निकै पेचिलो छ । मुख्य कारण नेपालीहरूमाझ व्यावसायिकता स्मार्ट स्वरूपमा विस्तार नभएको, आठ-नौ खर्ब रुपैयाँ अनुदानको ऋणमा भर पर्नुपर्ने बाध्यात्मक अवश्थाले भोलि पुन: अर्धवार्षिक समीक्षापश्चात् तीनदेखि चार खर्ब रकममा संशोधन गर्नुपर्ला कि भन्ने आशंका छ । बजेट कार्यान्वयनको हकमा महत्त्वपूर्ण जिम्मेवारी पाएको कर्मचारी संयन्त्र यसभित्रको मनोविज्ञान उही रहेकाले धेरै अपेक्षा गर्ने ठाउँ छैन । ***-इहिमालयन डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कृषिबाट लाभ आर्जन गर्न सकिएला। अध्ययन अध्यापनमा सफलता मिल्नेछ। | **तुला** : नयाँ कार्य हात लाग्नेछ। पारिवारिक समस्याको समाधान मिल्नेछ। |
| **वृष** : स्वास्थ्यलाई लिएर चिन्ता र हनेछ। धर्मकर्ममा रुचि बढ्नेछ। | **वृश्चिक** : विवाद बढ्न सक्ला। कार्यसम्पादन गर्नमा परिवारको सहयोग मिल्नेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा विरोधीहरू खुट्टा तान्ने प्रयास गर्नेछन् सचेत रहनुहोस्। | **धनु** : लगानी लगाउने अवसर मिल्नेछ। सामाजिक जीवनमा मानसम्मान बढ्नेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा धेरै समय लाग्नेछ। कसैसंग झुठो बाचा नगर्नुहोस । | **मकर** : कार्य सम्पादन गर्नमा समय लाग्नेछ। कमजोरी कार्य दोहोर्याएर गर्नुपर्ला। |
| **सिंह** : कलाको क्षेत्रमा सम्मान बढ्नेछ। आर्थिक पक्ष सबल हुनेछ। | **कुम्भ** : कृषिबाट लाभ आर्जन हुनेछ। सञ्चित धनमा वृद्धि हुनेछ। |
| **कन्या** : योजना बनाएर कार्य गर्नुपर्ने हुन्छ। आर्थिक पक्ष सामान्य रहनेछ। | **मीन** : भविष्यको बाटो निर्माण गर्न सक्नुहुनेछ। कार्यमा सफलता मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि


# डिजिटल सभ्यता र हराउँदै गरेको मानव चेतना

यो प्रश्न प्रविधिको होइन, अस्तित्वको प्रश्न हो । यो हाम्रो सभ्यताको आत्मा कति बाँकी छ भन्ने गम्भीर जिज्ञासा हो । आज मेसिन बढेको छ, गति बढेको छ र जानकारी पनि बढेको छ । तर के मानव चेतना पनि बढेको छ ? यही नै त्यो मूल द्वन्द्व हो, जसले आधुनिक युगलाई निरन्तर प्रश्न गरिरहेको छ । डिजिटल सभ्यता बाहिरी रूपमा अत्यन्त चम्किलो देखिन्छ । स्क्रिन उज्यालो छ, नेटवर्क तेज छ र डेटा अनन्त छ । तर यो बाहिरी उज्यालोले हाम्रो भित्री संसारलाई कति उजागर गर्छ, वा कति ढाक्छ ? मानव मन अझै शान्त छ कि झन् विखण्डित हुँदै गएको छ ? यही प्रश्न आजको सभ्यताको मौन कम्पन हो । मानवता प्रविधि होइन, यो त अनुभूति हो । यो करुणा, संवेदना र सहअस्तित्वको जीवित चेतना हो । तर जब जीवन केवल सूचना, गति र प्रदर्शनमा सीमित हुन थाल्छ, तब अनुभूति क्रमश: कमजोर हुँदै जान्छ । मानिस बाहिर धेरै जोडिन्छ, तर भित्रभित्रै आफैँबाट टाढिँदै जान्छ । यही नै डिजिटल युगको मौलिक विरोधाभास हो । डिजिटल संसारले दूरी घटाएको छ, तर आत्मीयता घटाइदिएको छ। मानिसहरू जोडिएका त छन्, तर वास्तवमा भेटिएका छैनन् । संवाद बढेको छ, तर बुझाइ गहिरो भएको छैन। यही अवस्थाले आधुनिक चेतनालाई अस्थिर, विभाजित र अनिश्चित बनाइरहेको छ । प्रश्न प्रविधिको होइन, मानव चेतनाको दिशाको हो । हामी गहिराइतिर जाँदैछौँ कि केवल सतहमा तैरिरहेका छौँ ? यदि चेतना जागृत छैन भने, सबैभन्दा उन्नत डिजिटल सभ्यता पनि एउटा चम्किलो तर खाली आवरण मात्र रहन्छ । मानवता कुनै प्रविधि होइन, मानवता त एक अनुभूति हो । यो करुणा, संवेदना र सहअस्तित्वको जीवित चेतना हो। यदि यी आधारहरू नै हराए भने, प्रविधि जतिसुकै उन्नत भए पनि सभ्यता भित्रबाट खाली हुन्छ । बाहिर चमक हुन्छ, तर भित्र कुनै अर्थ हुँदैन । खोलो चम्किन्छ, तर पानी विषाक्त हुन्छ भन्ने अवस्था ठ्याक्कै यही हो । डिजिटल संसारले मानिसहरूलाई जोडेको जस्तो देखिन्छ, दूरी घटाएको छ र पहुँच बढाएको छ । तर त्यही संसारले मानिसलाई भित्रभित्रै अलग पनि बनाइरहेको छ । यहाँ हजारौँ मित्र छन्, तर आत्मीयता घट्दै गएको छ । अनगिन्ती सन्देशहरू छन्, तर मौनता बुझ्ने कोही छैन । यही विरोधाभास नै आधुनिक युगको गहिरो पीडा हो । मानव मन अब केवल सूचना केन्द्र बनेको छ । सोचभन्दा बढी प्रतिक्रिया चलिरहेको छ, अनुभवभन्दा बढी प्रदर्शन भइरहेको छ र जीवनभन्दा बढी प्रस्तुति देखाइँदैछ । यस्तो रूपान्तरणले आत्मा र अस्तित्वबीचको दूरी विस्तार गर्दै लगेको छ । मानिस जिउँदै त छ, तर आफूभित्रै हराउँदै गएको छ । प्रविधि आफैँमा दुष्ट होइन, यो त केवल एक उपकरण हो । यसको नैतिक स्वरूप मानव चेतनाले निर्धारण गर्छ । तर समस्या यहाँ झन् गहिरो छह उपकरणले बिस्तारै उपयोगकर्तालाई नै नियन्त्रण गर्न थालेको छ । मानिसले प्रविधि चलाउने होइन, बरु प्रविधिले मानिसको ध्यान, सोच र चाहना चलाउने स्थिति बन्दै गएको छ । एल्गोरिदमले अब हाम्रो ध्यान पढ्न सिकेको छ । यसले हाम्रो रुचि अनुमान गर्छ, हाम्रो कमजोरी पहिचान गर्छ र त्यही कमजोरीलाई आफ्नो हितमा उपयोग गर्छ । यो डिजिटल शक्तिको नयाँ स्वरूप हो, जहाँ



नियन्त्रण प्रत्यक्ष देखिँदैन तर अनुभूत हुन्छ । यहाँ स्वतन्त्रता खुला देखिन्छ, तर सूक्ष्म रूपमा बाँधिएको हुन्छ । मानिस सोच्दछ म स्वतन्त्र छु, तर ऊ छनोटको एक प्रकारको भ्रममा बाँचिरहेको हुन्छ । के देख्ने, के पढ्ने र के मन पराउने भन्ने निर्णयहरू पूर्ण रूपमा आफ्ना होइनन्, प्रणालीले ती निर्णयहरूलाई आकार दिइरहेको हुन्छ । यही सूक्ष्म हस्तक्षेपबाट नै नैतिक संकटको सुरुवात हुन्छ । नैतिकता अब चेतनाको अवस्था हो । यो त्यो बोध हो जहाँ मानिसले आफूलाई सम्झन्छ कि म केवल प्रयोगकर्ता होइन, म एक जिम्मेवार अस्तित्व हुँ । जब यो स्मरण हराउँछ, तब सभ्यता क्रमश: यान्त्रिक बन्छ । डिजिटल युगले समयलाई पनि रूपान्तरण गरिदिएको छ । पहिले समय अनुभव थियो, अब समय सूचना बनेको छ। पहिले प्रतीक्षा थियो, अहिले तत्कालता छ । तर यही तत्कालताले हाम्रो धैर्य घटाइदिएको छ । धैर्य हराउँदा गहिराइ हराउँछ, गहिराइ हराउँदा अर्थ हराउँछ र अर्थ हराउँदा जीवन केवल गति बनिदिन्छ । गति मात्र भएको जीवन अन्तत: भित्रबाट खाली हुन्छ, यद्यपि बाहिर त्यो अत्यन्त व्यस्त देखिन्छ । आध्यात्मिक दृष्टिले मानवता चेतनाको प्रकाश हो । यो प्रकाश ध्यान, प्रेम र करुणाबाट बलियो हुन्छ । तर डिजिटल उत्तेजनाले ध्यानलाई निरन्तर टुक्र्याइदिन्छ । मन बाहिरतिर मात्र दौडिरहन्छ, भित्र फर्किने अभ्यास कमजोर हुँदै जान्छ र आत्मबोधको बाटो धुमिल हुन्छ । यो युगमा मौनता दुर्लभ भएको छ, तर मौनता नै आत्माको भाषा हो । जहाँ मौनता छैन, त्यहाँ आत्मबोध पनि कमजोर हुन्छ र जहाँ आत्मबोध कमजोर हुन्छ, त्यहाँ मानवता क्रमश: क्षीण हुँदै जान्छ । डिजिटल सभ्यता ज्ञानमा अत्यन्त धनी छ, तर बुद्धिमा सधैँ समृद्ध हुन्छ भन्ने छैन । ज्ञान सूचना हो, तर बुद्धि विवेक हो । र विवेकबिनाको ज्ञान केवल भार बन्छ, कहिलेकाहीँ त खतरा पनि बनिदिन्छ । कृत्रिम बुद्धिमत्ता शक्तिशाली हुँदैछ, तर यहाँ मूल प्रश्न मेसिनले के गर्न सक्छ भन्ने होइन । प्रश्न यो हो कि मानिसले के हुन छोड्दैछ ? यदि मानिसले आफ्नो नैतिक केन्द्र गुमायो भने, सबैभन्दा उन्नत प्रणाली पनि दिशाहीन हुन्छ । प्रविधि स्पष्ट देखिन्छ, तर उसको दिशा मानव चेतनाले तय गर्छ । चेतना कमजोर भयो भने शक्ति पनि अन्धो हुन्छ । मानवता केवल भावना होइन, यो जिम्मेवारी होह अरूको पीडा बुझ्ने क्षमता हो र आफ्नै शक्तिलाई सीमित राख्ने विवेक हो। यही विवेकले सभ्यतालाई मानवीय बनाउँछ । जब यो विवेक हराउँछ, प्रविधि सहयोग होइन, नियन्त्रणको माध्यम बन्न सक्छ । डिजिटल संसारमा सत्यहरू धेरै छन्, तर सबै सत्य वास्तविक सत्य हुँदैनन्। धेरै कुरा देखिन्छ, तर बुझिँदैन । धेरै आवाज सुनिन्छ, तर अर्थ हराउँछ । यही अवस्था सूचना अतिभारको संकट हो, जहाँ ज्ञान त बढ्छ तर स्पष्टता घट्छ । मन अब शान्त झील जस्तो छैन, यो त निरन्तर हल्लिएको पानी जस्तो बनेको छ, जसमा प्रतिबिम्ब स्पष्ट देखिँदैन र आत्मा आफैँलाई चिन्न नसक्ने अवस्थामा पुग्छ । यही अवस्थाले आधुनिक मानव चेतनामा गहिरो आत्मिक विखण्डन ल्याइरहेको छ । तर समाधान प्रविधि नष्ट गर्नु होइन, समाधान त चेतनाको पुन:स्थापना हो । मानिसले प्रविधिलाई साधन बनाउनु पर्छ, लक्ष्य होइन । यही नै डिजिटल मानववादको मूल सिद्धान्त हो । डिजिटल मानववाद भन्छ-मानिस पहिलो हो, प्रणाली दोस्रोह विवेक सर्वोच्च हो, गति होइनह करुणा केन्द्र हो, नियन्त्रण होइन । यदि यी आधारहरू बलियो भए, डिजिटल युग पनि मानव युग बन्न सक्छ । आध्यात्मिक दृष्टिले, मानवता आत्माको विस्तार हो । आत्मा सीमित छैन, तर सजगता आवश्यक छ । सजगता हराउँदा आत्मा पनि यान्त्रिक जस्तो बन्छ र जब जागरण हुन्छ, प्रविधि पनि पवित्र साधन बन्न सक्छ । प्रविधिले शरीरलाई जोड्छ, तर चेतनाले आत्मालाई जोड्छ। यदि चेतना कमजोर भयो भने, जडान पनि एक प्रकारको एक्लोपन बन्छ । यही डिजिटल एक्लोपन आजको मौन महामारी हो-जहाँ मानिसहरू जोडिएका त छन्, तर भित्रबाट अझ बढी एक्ला छन् । मानवता सुरक्षित छ कि छैन भन्ने प्रश्न सुरक्षा प्रणाली, कानुन वा प्रविधिगत नियन्त्रणको प्रश्न होइन । यो आन्तरिक नैतिकता र आत्मचिन्तनको प्रश्न हो । कुनै पनि समाज कति विकसित छ भन्ने कुरा उसको मेसिन, नेटवर्क वा प्रविधिको स्तरले होइन, उसको चेतनाको गहिराइले निर्धारण गर्छ । यदि मानिसले आफूलाई सम्झियो भने मानवता सुरक्षित रहन्छ । तर यदि उसले आफूलाई बिर्सियो भने, सबैभन्दा उन्नत सभ्यता पनि भित्रबाट खोक्रो र अर्थहीन हुन्छ । डिजिटल सभ्यता एउटा परीक्षा हो। यो प्रविधिको होइन, चेतनाको परीक्षा हो । यहाँ मूल प्रश्न यही हो-मानिस अझै मानिस रहन्छ कि बिस्तारै मेसिनको छायाँमा रूपान्तरण हुँदै जान्छ? यो रूपान्तरण कुनै अचानक हुने घटना होइन, यो त दैनिक सोच, साना छनोट र सूक्ष्म व्यवहारहरूको निरन्तर सञ्चित परिणाम हो, जसले अन्तत: मानव अस्तित्वको दिशा निर्धारण गर्छ । मानवता तब मात्र सुरक्षित रहन्छ जब मानिसले प्रत्येक स्क्रिन पछाडि अर्को आत्मा देख्न सिक्छ, जब सूचनाभन्दा संवेदना ठूलो हुन्छ र गतिभन्दा अर्थ ठूलो हुन्छ । यही चेतनाको स्तरबाट डिजिटल सभ्यता वास्तविक मानव सभ्यता बन्न सक्छ । तर यदि यो बोध बिर्सियो भने, डिजिटल संसार बाहिरबाट अझ उज्यालो र अझ उन्नत देखिए पनि भित्रको अन्धकार क्रमश: गहिरिँदै जान्छ । त्यो अन्धकारमा मानवता पूर्ण रूपमा नष्ट त हुँदैन, तर मौन, स्थिर र अदृश्य रूपमा प्रतीक्षामा रहन्छ—फेरि एक पटक मानिसले आफूलाई सम्झियोस् र आफ्नो चेतनालाई पुन: जागृत गरोस् भन्ने आशामा । *-डिसी नेपाल डटकम*

# सोच्ने कामको जिम्मा एआईलाई दिनु हुँदैन



अर्बौँ डलरका एआई कम्पनीहरूले सफ्टवेयर विकासको क्षेत्रमा आफ्नो नियन्त्रण कायम गर्नुभन्दा धेरै अघि म असाध्यै मेहनत गरेर कम्प्युटरमा 'कोड' गर्न सिकिरहेकी थिएँ । यो सन् २००० को मध्य दशकको कुरा हो । म आफ्नो घरको कम्प्युटरमा अनियन्त्रित पहुँच पाएको बच्चा थिएँ । आधारभूत स्तरको 'टेक्स्ट एडिटर'को सहायतामा मैले वेबसाइटहरू बनाउन सिकेकी थिएँ । सुरुमा सामान्यबाट थालेर बिस्तारै जटिल स्वरूपमा वेबसाइटहरू बनाउन सक्ने भएँ । यी कामको सुरुवातदेखि अन्तिमसम्म आफैँ गर्न सक्थेँ । मेरो काम आफूले सोचेजस्तो गज्जब र सुन्दर त पक्कै हुँदैनथ्यो । तथापि म त्यसलाई ठिकै मानेर अघि बढ्थेँ । मलाई थाहा थियो, म कुनै नयाँ सिप सिकिरहेकी थिएँ । कम्प्युटरमा घण्टौँ लगाएर कोड 'डिबग' गर्ने तथा सम्बन्धित सफ्टवेयर विकासबारेका दस्तावेजहरूमा घोत्लिने गर्दा पनि पार नलागेपछि कुनै काम छोड्नुपर्दा समेत मलाई समय र ऊर्जा खेर गएको भान हुँदैनथ्यो । त्यो पनि मेरो सिकाइकै हिस्सा थियो ।

अहिले सम्झिँदा त्यी सबै गतिविधि निरर्थक र अचम्मका जस्ता लाग्छन् । आजको जमानामा प्रत्येकले 'ओपेनएआई'को 'कोडेक्स' वा 'एन्थ्रोपिक'को 'क्लाउड कोड'को सहयोगमा एकैछिनमा आकर्षक देखिने 'एप्लिकेसन' बनाउन सक्छन् । विद्यालय छोडेर हिँडेकाहरू नै 'एआई स्टार्टप'बाट करोडौँ कमाइरहेका छन् । प्रस्ट भन्नुपर्दा मेरो शैक्षिक यात्रा धेरै प्रभावकारी वा दक्ष त पक्कै थिएन । म एक्लै अनेक प्रयास गर्थें । आफैँले बनाएका विभिन्न खालका पाठ्यक्रमको आधारमा सिक्न खोज्थेँ । जिज्ञासाले मलाई प्रोत्साहित गरिरहन्थ्यो भने बुझ्न चाहने आकाङ्क्षाले तानिरहन्थ्यो । त्यही प्रक्रियामा कुनै खास तरिकाले सोच्न मन पराउन थालेँ । त्यसले मलाई चार वर्षे कम्प्युटर इन्जिनियरिङ मात्रै पढाएन, विविध खालका सफ्टवेयर विकासको काममा समेत तयार पारिदियो । मैले लेख्न सिकेर लेखक बनेको कथा पनि यस्तै खालको छ । सुरुमा आफूले पढ्दै गरेको विषयबारे दिक्दार हुँदा मलाई त्यसबारे लेख्ने रहर लाग्न थाल्यो । मलाई तत्कालीन समयमा चलिरहेको बहसमा केही छुटेजस्तो लाग्थ्यो । मानिसहरूले 'सिलिकन भ्याली' तथा प्रविधिमा अन्धाधुन्ध विश्वास गरेको तथा ज्यादै आशावादी भएर छलफल गरिरहेको देख्थेँ । यता आफू भने सिलिकन भ्यालीबारे आलोचनात्मक बुझाइ राख्थेँ । मलाई मेरो र अधिकांश मानिसबिचको बुझाइमा गहिरो अन्तर रहेको अनुभव हुन्थ्यो । त्यही बेलादेखि मैले लेख्न थालेकी हुँ । मैले आफूले लेखेका हजारौँ शब्दहरू प्रकाशन गरेकी छु । साथै अनगिन्ती शब्दहरू प्रकाशन नभई कोठामा फोहोरको थुप्रोमा मात्रै पुगेका पनि छन्, तर त्यसरी खारेज गरिएका अनगिन्ती शब्दहरू पनि खेर गएका हुन् भन्ने मलाई कहिल्यै लागेन । ती सबै मेरो सोच निर्माण प्रक्रियाका सह-उत्पादन थिए । हरेक लेखक लेखनको रूपान्तरणकारी प्रक्रियाबाट गुज्रन सक्छ । उसले एकखालको विचारबाट लेख्न सुरु गर्छ तर विल्कुल फरकमा पुग्न पनि सक्छ । लेख्नु भनेको केवल दुईचार शब्दहरू ओकल्नुमात्रै कदापि होइन । लेख्नु भनेको त आफ्नो मूल्य-मान्यता पत्तो पाउनु हो । साथै त्यी मूल्यका लागि लड्नु ठिक छ भनेर आफैँलाई बुझाउनु पनि हो । लेखन र कोडिङ यी दुवै क्षेत्रमा मैले जुन अनुभव गर्न पाएँ, त्यो मलाई अमूल्य लाग्छ । मलाई त कहिलेकाहीँ एआई आउनु अघि नै आफैँले सिक्न पाएर म त भियतनाम टबट' चलाउँदा पनि त्यसले हाम्रो संज्ञानात्मक क्षमतामा नकारात्मक असर पार्छ । सामूहिक रूपमा हेर्ने हो भने यो एउटा राजनीतिक मामला हो । एआई कम्पनीहरूसँग आफ्नो निर्भरता घटाएर उनीहरूले हाम्रो समाजका हरेक क्षेत्रमा घुस्दै अपार सम्पत्ति थुपार्ने प्रणाली विरुद्ध लड्ने एक खालको लडाइँ पनि हो । यो संसारलाई नै बस्न अयोग्य, खराब र असमान बनाउने प्रक्रियाको विरुद्धको सैर्ष पनि हो । मैले यो लेख लेख्दैगर्दा हामी एआई 'बबल'को बिचमा छौँ । यतिबेला खर्बौँ डलरको लगानी 'डेटा सेन्टर'हरूमा खन्याउने योजना बनिरहेका छन् । ठुला टेक कम्पनी र निगमहरू अहिलेसम्मकै ठुलो स्तरको आम्दानीका हिसाब देखाइरहेका छन् । कम्पनीमा काम गर्ने ठुलो सङ्ख्यामा कामदारहरू निकालेर एआईमा अझै लगानी थप्ने तयारी गरिरहेका छन् । अहिले रोजगारीमा रहेका कामदारहरू पनि आफूलाई प्रतिस्पर्धी राखिराख्नका लागि एआईकै अधिकतम प्रयोग गर्न बाध्य छन् । मान्छेहरू अहिले आफ्नो विवाहमा खाइने शपथ वा कसम समेत एआईलाई लेखाउन थालेका छन् । कति मान्छेहरू एआईसँग प्रेममै फसेका छन् । छोटो समयमै एआई र यसका विकृतिहरू डरलाग्दो गरी सामान्यीकृत भएका छन् । यस्तो परिवेशमा मैले सकेसम्म एआई चलाउँदिनँ भनेर घोषणा गर्दा मानिसहरूलाई मूर्ख कुरा गरेजस्तो लाग्न सक्छ । अझ यो विसङ्गत लाग्न पनि सक्छ । आजको दिनमा एआई उद्योगबारे आइरहेका अनेक जानकारीले हामीलाई झन् एआईबारे प्रश्न गर्ने बनाउँदै गएको छ । चाहे त्यो एआई कम्पनीका प्रमुखहरूका धूर्त गतिविधि हुन, वित्तीय सरोकारहरू, डरलाग्दा पर्यावरणीय परिणाम वा कार्यस्थलमा पर्दै गएको नकारात्मक प्रभाव नै किन नहुन्! यी सबका बाबजुद पूरै संसार एआई सफलताको कथाको नशामा चुर्लुम्म डुबेको छ । यो क्षेत्रमा यति धेरै पैसा र शक्ति थुप्रिएको छ कि यसलाई चुनौती दिन खोज्नु भगवान्को प्राधिकारलाई हुङ्कार गर्नु जस्तै कठोर र निराशाजनक लाग्छ । तर मलाई भने भित्रैदेखि मैले ठिक सोच्दै छु भन्ने लागिरहेको छ । मैले आफैँले गरेका काममा देखिने अनेक त्रुटिको वरपर घेरिएर दिन बिताउनु पर्नेछ भन्ने मलाई थाहा छ । एआईका सफलताका चर्चा र कथाहरू मेरो टाउकोमाथि स्मारकजस्ता भएर तर्साइरहन्छन् भन्ने पनि थाहा छ । मलाई थाहा छ, म खासै राम्रो 'कोड' गर्न सक्ने मान्छे होइन । मैले पछिल्लो समय विकास भएका सबै 'कोडिङ टुल' सिकेकी पनि छैन । तथापि अझै पनि कहिलेकाहीँ म कोड गर्ने गर्छु । मलाई यो पनि थाहा छ कि म धेरै राम्रो लेखक होइन । अहिले तपाईंले पढ्दै गरेको लेख आफैँले लेखन र पुनर्लेखन गर्दैगर्दा म एआई प्रोम्प्ट प्रयोग गरेर सयौँ किताब तयार पार्न सक्थेँ, तर पनि म आफैँ लेख्दैछु । दक्षता र सहजतालाई ठुला कर्पोरेट कम्पनीहरूले आफ्नो लोभी महत्त्वाकाङ्क्षा पूरा गराउने साधन बनाएको आजको समयमा आफैँले कम दक्ष तथा असहज तरिका अपनाउनु पनि मानवताको रक्षाका लागि गरिएको त्याग नै हुन जान्छ । मान्छेको चरित्र निर्माणमा तिरेको मूल्य हुन जान्छ । मलाई आफूले सोचेको मान्छेजस्तै बन्ने बाटो रोज्नुछ । जो यही संसारसँग गहिरो जरा गाडेर उभिएको हुन्छ । जो आफ्नै चाहना र मर्यादामा चल्न चाहन्छ । मैले रोजेको बाटोले मलाई त्यही यात्रामा सघाउँछ भन्ने लाग्छ । पक्कै पनि यो बाटोमा लाग्दा मैले केही कुरा गुमाउनै पर्ने हुन्छ । आफूलाई यान्त्रिक स्वरूपमा ढाल्ने हो भने आजको दिनमा म एआई स्टार्टअपमा प्रगति गरिरहेको पनि हुनसक्छु, तर मलाई आफूले बोकेको मूल्य-मान्यताबारे राम्रो थाहा छ । र, मलाई यो पनि थाहा छ कि मैले गुमाउनु परेको कुरा स्वाभाविक हो । मैले रोजेको बाटो हिँड्दा स्वाभाविक रूपमा केही फाइदा पक्कै छोड्नुपर्छ । त्यो मेरो छनोटको मूल्य हो । *-रातोपाटी डटकम*

# रामपुरमा जेष्ठ नागरिकको सम्मान




**पाल्पा,** जेठ २५/रामपुर नगरपालिका वडा नं.९ मा जेष्ठ नागरिकहरुलाई सम्मान गरेका छन् । जेष्ठ नागरिक संघ रामपुर ९ पाल्पाको आयोजना र ९ नं. वडा कार्यालयको आर्थिक सहयोगमा सोमवार वडाभित्रका जेष्ठ नागरिकहरुलाई सम्मान गरेको हो ।

समितिले वडा भित्रका ७५ वर्ष माथीका ८३ जना जेष्ठ नागरिकहरुलाई दोसल्ला, खाद्यबस्तु र सरसफाईका सामग्री सहित सम्मान गरेको छ । रामपुर नगरपालिका वडा नं. ९ को जेष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गत १ लाख रुपैयाँ आर्थिक सहयोगमा सम्मान गरेको हो । जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै रामपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष डिल बहादुर रानाले जेष्ठ नागरिकहरु ज्ञान, संस्कार र अनुभवको खानी भएको बताए । उनले जेष्ठ नागरिकहरुको संरक्षण संगै अधिकारका लागि वडा कार्यालय प्रतिबद्ध रहेको बताए । रानाले वडाले जेष्ठ नागरिकहरुको लागि वडाले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको भन्दै आगामी दिनमा पनि जेष्ठ नागरिकहरुको सहजता र सुविधाका लागि काम गर्ने बताएका छन् । साथै जेष्ठ नागरिकहरुको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै खानपान र स्वास्थ्यमा ध्यान दिन आग्रह गरे । यस्तै जेष्ठ नागरिक संघ रामपुरका अध्यक्ष कृष्ण प्रसाद अर्यालले पछिल्लो समय केही जेष्ठ नागरिकहरु अवहेलनामा पर्दै गएको भन्दै अधिकार संरक्षणका लागि सबैले ध्यान दिन आवश्यक रहेको बताए । उनले समग्र रामपुर नगरपालिकाभित्रका जेष्ठ नागरिकहरुलाई समेट्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेमा जोड दिए । जेष्ठ नागरिकहरुको सरल जीवनयापनका लागि सन्तान र संरक्षकले ध्यान पुऱ्याउनु पर्ने बताए । रामपुर ९ को वडा कार्यालय भवन जप्पादीमा भएको कार्यक्रममा जेष्ठ नागरिक संघ पाल्पाका सदस्य केशवराज पंगेनीले जेष्ठ नागरिकको अधिकारका लागि संगठित भएर लागेको भन्दै अप्ठ्यारोमा परेका जेष्ठ नागरिकहरुलाई सहयोग गर्न जेष्ठ नागरिक संघ साथमा रहेको बताए । यस्तै जेष्ठ नागरिक संघ रामपुर ९ का अध्यक्ष मोहनलाल खनालले जेष्ठ नागरिकहरुप्रति स्थानीय सरकारले देखाएको चासो र प्राथमिकताप्रति आभार प्रकट गरे । जेष्ठ नागरिकहरुलाई खुशी र हौसला प्रदान गर्नका लागि सम्मान गरिएको वडा नं. ९ का स्थानीय पञ्जिकाधिकारी एवं रामपुर नगरपालिका राजश्व शाखा प्रमुख चिन्तामणी भण्डारीले जानकारी दिए । जेष्ठ नागरिक संघ रामपुर ९ पाल्पाका अध्यक्ष मोहनलाल पंगेनीको अध्यक्षतामा भएको जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं. ९ का अध्यक्ष डिल बहादुर रानाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रमको सञ्चालन स्थानीय पञ्जिकाधिकारी चिन्तामणी भण्डारीले गरेका थिए ।

## लुम्बिनी प्रहरीद्वारा...


...उनले सीमा क्षेत्रबाट हुने चोरी-तस्करी नियन्त्रण, अपराध न्यूनीकरण तथा नागरिकमैत्री प्रहरी सेवामा उल्लेखनीय सुधार ल्याउन प्रहरी प्रतिबद्ध रहेको जानकारी दिए । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले सीमा क्षेत्रमा हुने तस्करी, राजस्व छली तथा अवैध कारोबार नियन्त्रणका लागि विशेष निगरानी र संयुक्त अभियानलाई निरन्तरता दिइएको बताए । उनले अपराध नियन्त्रणसँगै आर्थिक अपराध रोकथाममा समेत प्रहरी केन्द्रित रहेको जानकारी दिए । यसैबीच, प्रहरीको सक्रिय अभियानप्रति स्थानीय समुदायले समेत सकारात्मक प्रतिक्रिया दिएका छन् । सिद्धार्थ उद्योग वाणिज्य सै रुपन्देहीका अध्यक्ष नेतृत्व आचार्यले प्रदेशमा शान्तिसुरक्षा कायम गर्न, चोरी-तस्करी नियन्त्रण गर्न तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न प्रहरीले प्रभावकारी भूमिका खेलेको बताए ।

## पर्यटकीय गन्तव्य बन्दै...

...नगर क्षेत्रमै पहिचान र महत्त्वपूर्ण प्राकृतिक सम्पत्ति भएकाले यसको विकास र उचित प्रचारप्रसारमा ध्यान दिनुपर्ने स्थानीय युवा नारायण आचार्यको भनाइ छ । "हाल जिल्लाभित्रबाट बढी पर्यटक आउने गरेका छन्, तर बाहिरी जिल्लासम्म यसको पहिचान पुऱ्याउन सकियो भने यसको महत्त्व अझ बढ्नेछ । त्यसका लागि स्थानीय तहले थप योजना अगाडि बढाउन आवश्यक छ", उनले भने । रक गार्डेनको अर्को विशेषता भनेको यहाँबाट देखिने विशाल भू-दृश्य हो । यस स्थानबाट सन्धिखर्क नगरपालिका मात्र होइन, भूमिकास्थान नगरपालिका, मालारानी गाउँपालिका, पाणिनी गाउँपालिका, छत्रदेव गाउँपालिकालगायत पाल्पा र प्युठान जिल्लाका केही भूभागहरू अवलोकन गर्न सकिन्छ । लुम्बिनी र सुपा देउराली मन्दिरमा आउने पर्यटकलाई सन्धिखर्क बजार हुँदै अर्घा भगवती मन्दिर र रक गार्डेनसम्म ल्याउन सकियो भने जिल्लाको पर्यटन गतिविधिमा उल्लेखनीय वृद्धि हुन सन्धिखर्कका स्थानीय व्यवसायी डिलाराम भुसालले बताए । "यसले होटल, यातायात, व्यापारलगायत स्थानीय व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउनेछ ।" रक गार्डेनलाई जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित नगरपालिका अघि बढिरहेको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । "पर्यटन विकाससँगै स्थानीयको आयआर्जन बढाउने र आर्थिक गतिविधि विस्तार गर्ने हाम्रो लक्ष्य हो", उनले भने । लुम्बिनी र सुपा देउरालीमा आएका पर्यटकलाई खाँचीकोट भगवती मनिदर तथा राज्य, सन्धिखर्कको सिद्धेश्वर मन्दिर, अर्घा भगवती हुँदै यस स्थानमा लैजाने गरी योजना बनाउन सकेमा यस स्थानमा पर्यटकहरू थप बढ्ने नगरप्रमुख श्रेष्ठको भनाइ छ । "प्रकृतिले आफैँ निर्माण गरेको डिभर्नाको यो अद्भूत ढुङ्गाको संसार साँच्चिकै नेपालकै नमूना पर्यटकीय सम्पदा बन्ने सम्भावना बोकेको छ । यसको व्यापक प्रचारप्रसार, संरक्षण र पूर्वाधार विकासमा सरोकारवाला सबै पक्षको ध्यान पुग्न सके रक गार्डेन अर्घाखाँचीको पर्यटन नक्सामा चम्किलो गन्तव्यका रूपमा स्थापित हुने सम्भावना छ", नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले भने । रक गार्डेन केवल एउटा प्राकृतिकस्थल मात्र नभई अर्घाखाँचीको समृद्ध भविष्यको आधार बन्न सक्ने अमूल्य सम्भावनाको क्षेत्र भएकाले नगरले यसका विकासमा ध्यान दिइरहेको उहाँको भनाइ छ । प्राकृतिक सौन्दर्य, शान्त वातावरण र विशाल सम्भावनाले भरिएको यो क्षेत्रले जिल्लाकै पहिचान स्थापित गर्ने सम्भावना रहेकाले विकासका लागि सबैले ध्यान दिन आवश्यक रहेको खनालले बताए । *-रासस*

खेलकुद समाचार

## नेपालले जित्यो एशियाली खेलकुद छनोटको उपाधि



**काठमाडौं,** जेठ २५/हङकङलाई हराउँदै नेपालले एशियाली खेलकुद छनोटको उपाधि जितेको छ । सिङ्गापुरमा सोमबार भएको फाइनलमा नेपालले हङकङलाई डीएलएस नियमका आधारमा १९ रनले हरायो । हङकङले दिएको १८९ रनको लक्ष्य पछ्याएको नेपालले ११ ओभर ३ बलमा २ विकेट गुमाएर ११४ रन बनाएको अवस्थामा खेल वर्षाले प्रभावित हुन पुगेको हो । नेपालका कुशल भुर्तेलले ६५, रोहित पौडेलले नटआउट ३५ रन बनाए । हङकङका आयुष शुक्ला र एहसान खानले १/१ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको हङकङले २० ओभरमा ७ विकेट गुमाएर १८८ रन बनायो । हङकङका अंशुमन रथले ८०, शाहिद वासिफले ५५ रन बनाए । नेपालका शेर मल्लले ४ विकेट लिए । यस्तै ओमानलाई हराउँदै मलेशिया एशियाली खेलकुद छनोटमा तेस्रो भएको छ । तेस्रो स्थानका लागि सोमबार भएको खेलमा मलेशियाले ओमानलाई ८ विकेटले हरायो । यो प्रतियोगिताबाट नेपाल, हङकङ, मलेशिया र ओमान एशियाली खेलकुदमा छनोट भएका छन् ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**काठमाडौं,** जेठ २५/हप्ताको पहिलो कारोबार दिन शेयर बजार दोहोरो अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से सोमबार २० दशमलव २७ अङ्कले घटेर २ हजार ७३५ दशमलव १४ विन्दुमा झरेको छ ।

सोमबार फाइनान्स बाहेक सबै समूहका सूचक घटेकामा व्यापार समूहको सूचक १ दशमलव ७७ प्रतिशतले ओरालो लागेको छ । सोमबार २२२ वटा कम्पनीको शेयर घटेकामा ४२ वटाका बढेका छन् । यस्तै ६ वटा कम्पनीका शेयर भने घटबढ भएका छैनन् । सोमबार उपकार लघुवित्तको शेयर ७ प्रतिशतभन्दा धेरैले घटेको छ । समग्रमा बजार घटेको दिन कालिञ्चोक हाइड्रोपावरको शेयर १५ प्रतिशतले बढेको छ । सोमबार नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । गएको शुक्रवार ५ अर्ब ६२ करोडको कारोबार भएकोमा आज ३५६ वटा कम्पनीका ९२ लाख ३६ हजार कित्ता शेयर ४ अर्ब ८ करोड रुपैयाँमा किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


### जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

जिल्ला पाल्पा साविक नायरनमतलेस गा.वि.स. वडा नं २ को हाल परिवर्तित बगनासकाली गा.पा. वडा नं ३ झ्याकुर्दी बस्ने दुम बहादुर घर्तीको नातीनी बुहारी पदम बहादुर घर्तीको श्रीमती वर्ष ४७ को अनिसरा घर्ती मगर.....जिल्ला पाल्पा साविक नायरनमतलेस गा.वि.स. वडा नं २ को हाल परिवर्तित बगनासकाली गा.पा. वडा नं ३ झ्याकुर्दी बस्ने पदम बहादुर घर्तीको छोरा वर्ष ३५को चन्द्र बहादुर घर्ती मगर.....जिल्ला पाल्पा साविक नायरनमतलेस गा.वि.स. वडा नं २ को हाल परिवर्तित बगनासकाली गा.पा. वडा नं ३ झ्याकुर्दी बस्ने पदम बहादुर घर्तीको छोरा वर्ष ३० को मोहन बहादुर घर्ती मगर.....

वादी सरस्वती गैरे (वस्याल) र प्रतिवादी अनिसरा घर्ती मगर समेत भएको मुद्दा नं: ०८१-CP-०२८३ को लेनदेन मुद्धामा तपाईहरुका नाउँमा जारी भएको सुरु म्याद विभिन्न मितिमा बेपत्ते तामेल भई यस अदालतबाट मिति २०८३/०२/२५ गते तपाईहरुको नाउँमा पुन: राष्ट्रिय दैनिक समाचारपत्रमा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला। म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

*ईति संवत् २०८३ साल जेठ २५ गते रोज २ मा शुभम् ...*


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई